**Siddhartha Bank Ltd.**
Head Office
Hattisar, Kathmandu, Nepal
P.O. Box: 13806
Phone: +977 1 4442919, 4442920
Fax: +977 1 4442921
sbl@siddharthabank.com
SWIFT: SIDDNPKA
www.siddharthabank.com

**Siddhartha**Bank

च.नं. :- 075/LGL/SH/075/076

मितिः २०७५।०८।२८

**श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड**
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**श्री नेपाल धितोपत्र बोर्ड**
जावलाखेल, ललितपुर ।

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
नेपाल शेयर मार्केट कम्प्लेक्स पुतलीसडक,
काठमाण्डौ ।

**विषयः वार्षिक साधारणसभा तथा शेयरधनी दाखिल खारेज बन्द गर्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस बैंकको संचालक समितिको मिति २०७५/०८/२० मा बसेको ३०५औं बैठकको निर्णय अनुसार आगामी मिति २०७५।०९।२३ मा हुने सत्रौं वार्षिक साधारण सभा तथा सोही प्रयोजनको लागि शेयरधनी दाखिल खारेज बन्द गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**साधारणसभा सम्बन्धमा**

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ साल पौष २३ गते सोमबार (तदअनुसार ०७ जनवरी २०१९)
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं
सभा शुरु हुने समय : बिहान ११ बजे
उपस्थिति पुस्तिका बिहान ९ बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७४/७५ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७५/७६ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस्, चार्टड एकाउण्टेण्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

Siddhartha Bank